# अन्नपूर्ण गाउँपालिकाको अठ्ठारौं गाउँसभामा

## गाउँपालिका उपाध्यक्ष श्री चन्द्रकला अधिकारीद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३ को

## बार्षिक आय व्ययको विवरण

## (वजेट)

**अन्नपूर्ण गाउँपालिका**

**माछापोखरी, कास्की**

**१० असार, २०८२**

**श्रद्धेय अध्यक्ष महोदय,**

गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार तथा सुरक्षाकर्मीहरु सबैमा यस अन्नपूर्ण गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु ।

सर्वप्रथम नेपालको युगान्तकारी परिवर्तन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति विभिन्न चरणका ऐतिहासिक जन-आन्दोलनहरूमा, राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

स्थानीय तह निर्वाचन २०७९ बाट निर्वाचित भई चौथो पटक आगामी आ.व. २०८२/०८३ को लागि वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस भएको छ । बिगतका बर्षहरुका अनुभब र सिकाईलाई प्रयोग गर्दै यस बर्ष बिगतका कमी कमजोरी सच्याउँदै परिष्कृत रुपमा वजेट ल्याउने जमर्को गरेका छौं ।

अन्नपूर्ण गाउँपालिकाको समग्र विकासको खाका तयार गर्नका लागि नीति कार्यक्रम तथा वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनुहुने हाम्रो गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिका बासी दाजुभाइ, दिदी बहिनीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

गाउँपालिकाको आ.व. २०८१/०८२ लगायत गत विगत वर्षका वजेट तथा कार्यक्रम सफल कार्यान्वयनका लागि अहम भुमिका खेल्नु हुने जन प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सम्वन्धीत सवै पक्षमा हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालको संविधान २०७२ मार्फत संघीयता संस्थागत गरी कार्यान्वयनको चरणमा छौं । विगतका वर्षहरुमा निर्माण भएका वजेट कार्यान्वयनको चरणमा जाँदा देखिएका कमी कमजोरी र समस्याहरुबाट अनुभव हाँसिल गर्दै, जनताको माग, चाहना र आवश्यकता कार्यान्वयनको तत्परतालाई ध्यानमा राखि, देशले वि.स. २०८९ साल सम्ममा अति कम विकसित देशवाट विकसित देशमा स्तरोन्नती गर्ने र वि.स. २०८७ साल सम्म दीगो विकासका लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नती गर्नका लागि लिईएको समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय लक्ष्य पुरा गर्दै हामिले समृद्ध अन्नपूर्ण गाउँपालिका बनाउने संकल्प गरेका छौँ ।

अधिकारमा आधारित विकासको अवधारणा अनुसार स्थानीय बासीहरुलाई विकासमा मूल प्रबाहिकरण गर्ने र गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने अवस्था सुनिश्चित गर्नका लागि जनताको सबैभन्दा नजिकको सरकारको रुपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरुलाई सम्बोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्नका लागि यस पालिकालाई "**कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार**" को दीर्घकालिन लक्ष्य तय गरी नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, संघीय र प्रदेश सरकारले प्रदान गरेको वजेट सिलिङ, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७८, अन्नपूर्ण गाउँपालिकाको आवधिक द्बित्तिय पञ्चवर्षीय योजना २०८१/०८२-२०८५/०८६, मध्यकालीन खर्च संरचना, गण्डकी प्रदेश सरकारको ऐन, नियम, नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त

मार्गदर्शनहरु, दिगो विकासका लक्ष्यहरु, क्षेत्रगत राष्ट्रिय नीतिहरु तथा यस गाउँपालिकाबाट पारित नीति तथा कार्यक्रमहरु, पालिकाका सङ्कल्प तथा नीतिगत परिकल्पना, विद्धत समुदाय र जनस्तरबाट प्राप्त राय- सुझाव, स्थानीय स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, राजश्व परामर्श समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति र विभिन्न माध्यमहरुबाट गरिएको प्रतिवद्धता एवम् घोषणा तथा गाउँ कार्यपालिकाका निर्णयहरु बमोजिम सहभागितामुलक योजना तर्जुमा प्रकृयाका चरणहरु अवलम्वन गरी आगामी आ.व. २०८२/०८३ का लागि यो वजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

यस गाउँपालिकाको आगामी आ.ब. को लागि कायम हुने वजेट सीमा भित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक विधेयक, २०८२ सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक २०८२, बार्षिक विकास कार्यक्रम २०८२ पेश गरेको छु।

चालु आ.ब. मा संघीय सरकारबाट समानीकरण अनुदानमा गरिएको कटौतीका कारण सम्पन्न भएका कतिपय बिकास योजनाहरुको भुक्तानीमा चुनौती थपिएको छ भने आगामी आर्थिक बर्षका लागि प्राप्त हुने अनुदान संघीय सरकारबाट घटेको छ। यस कारण हामीले पालिकाको आन्तरिक आम्दानी बढाउँदै स्थानीय श्रोतको पहिचान र परिचालन गर्दै जन आकांक्षाहरुको सम्बोधन गर्न प्रयत्न गर्नुपर्ने अवस्था छ। संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमै रहेकोले अन्तर सरकारको समन्वयलाई मजबुत र प्रभावकारी बनाउदै गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधन समूचित उपयोग गरी सबै क्षेत्रहरुलाई समेटि समयमै कार्यान्वयन गर्न सक्ने गरी वजेट बाँडफाड गरिएको छ।

**वजेटका उदेश्यहरु**

**आगामी आर्थिक वर्ष २०८२/०८३ को वजेटको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।**

१. सामाजिक र आर्थिक रुपान्तरण मार्फत समृद्ध अन्नपूर्ण गाउँपालिका निर्माण गर्ने,
२. कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्म निर्भरताका साथ निर्यात गरी आयआर्जनको माध्यम बनाउने,
३. पर्यटन क्षेत्रको बिकास,पर्यटन प्रवर्धन मार्फत आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई पर्यटनको माध्यमबाट समग्र गाउँपालिका बासीको आर्थिक स्तर अभिवृद्धि गर्ने,
४. सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व कायम गराउने,
५. आर्थिक विकास, गरिवी निवारण, सामाजिक न्याय र समतामूलक विकासको अवधारणालाई अगाडि बढाउदै अन्नपूर्ण बासी जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,
६. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गरी जनताको जीवनस्तर अभिवृद्धि गर्ने,
७. दिगो र सन्तुलित विकास, वातावरणीय संरक्षण, तथा सम्वर्द्धन गर्दै दिर्घकालिन विकासको अवधारणालाई सघाउ पुऱ्याउने,
८. आर्थिक अनुशासन तथा वित्तिय सुशासन कायम गर्ने,
९. **"कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार"** को दीर्घकालिन योजना तय गरि **"पालिका बन्छ-वन्दै छ हाम्रो पाला"** मा भन्ने सङ्कल्प पुरा गर्ने,

१०. **“समृद्ध अन्नपूर्ण, सुखी अन्नपूर्ण बासी”** भन्ने अभियानलाई सार्थक बनाउनका लागि श्रम,सिप, प्रबिधि र पुँजीको ब्यबस्थित परिचालन गर्ने,

११. **आफ्नो टोल वडा मार्फत अन्नपूर्ण गाउँ हामी आफैं बनाउँ** अभियान सञ्चालन गरी समृद्ध अन्नपूर्ण निर्माणको लागि जागरण ल्याउने,

**वजेटका प्राथमिकताहरू**

सम्मुनत र समृद्ध अन्नपूर्ण निर्माणका लागि अन्नपूर्ण गाउँपालिकाले अनुशरण गरेको “**कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार**” भन्ने दिर्घकालीन दृष्णिकोणलाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८२/०८३ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

१. जैविक मल उत्पादन र प्रयोगका माध्ययमबाट गुणस्तरीय कृषि उत्पादन गराइने,
२. कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकरण र व्यवसायीकरण गर्ने,
३. अनुदान कार्यक्रम मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
४. कृषि पर्यटनलाइ जोड दिने,
५. कृषि पेसालाइ सम्मानित पेसाको रुपमा विकास गर्ने,
६. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवामा बीमा कार्यक्रम लागु गरी प्रभाबकारी कार्यान्वयन गर्ने,
७. स्वच्छ माटो, स्वच्छ वालीनाली अभियान कार्यक्रम सञ्चालन गर्ने,
८. आयातित मालालाइ विस्तापित गर्न पुष्प खेती कार्यक्रम सञ्चालन गर्ने,
९. किसान उत्थान कार्यक्रम सञ्चालन गर्ने,
१०. पशुपंक्षि तथा मत्स्य विकासलाइ आधुनिकिकरण र व्यवसायीकरण र उत्पादनलाई वजारीकरणलाइ उचित व्यवस्थापन गर्ने,
११. कृषकलाइ पुरस्कृत र विभिन्न अनुदान कार्यक्रम सञ्चालन गर्ने,
१२. **“काम गरेर सिक्छ- देखेर विश्वास गर्छ”** भन्ने नारालाइ सार्थक बनाउन कृषकहरुलाइ कृषि कर्ममा उत्प्रेसित सहित नमुना कृषक फर्महरुको अवलोकन सहित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
१३. पकेट क्षेत्र कार्यक्रमहरु सञ्चालन गर्ने,
१४. **गोठ देखि ओठ सम्म स्वच्छ दुध उत्पादन** तथा उपयोगका लागि कार्यक्रमहरु सञ्चालन गर्ने,
१५. स्थानीय कृषि, वन र जडिबुटी संग सम्वन्धित उत्पादन, व्यवसायीकरण, वजारीकरण गर्दै आय-आर्जनमा जोड दिने,
१६. नागरिकहरुको स्वास्थ्य सेवा सर्भसुलव वनाउन स्वास्थ्य बीमा कार्यक्रमको अनुदान प्रभावकारी वनाउने,
१७. अन्नपूर्ण आधारभूत अस्पताललाइ विशेषज्ञ सेवा सहित सञ्चालन गर्ने,
१८. भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई जोड्ने रणनीतिक महत्वका सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने साथै सडकहरुको स्तरोन्नतीको लागि पक्की ढलान सडक निर्माणका लागि जोड दिने,
१९. **“हामी बनाउँछौं, हाम्रो पालिका”** उद्घोषलाइ सार्थक तुल्याउने,
२०. उपयुक्त, भरपर्दो र गुणस्तरिय पूर्वाधार विकासमा जोड दिने,

२१. गाउँपालिकाको प्रशासनिक केन्द्रको जग्गा प्राप्ति, पूर्वाधार निर्माण र गाउँपालिका अन्तर्गतका वडाका वडा कार्यालय भवनहरु, विद्यालय भवन लगायतका पूर्वाधार संरचनाहरु र अन्य संघ संस्था सामुदायिक भवन निर्माण गर्ने,

२२. स्थानीय गोरेटो, घोडेटो तथा सिढिबाटो निर्माण तथा सडक पूल र झोलुङ्गे पूलहरु निर्माण गर्ने,

२३. गुणस्तरीय र समुचित खानेपानीको व्यवस्थापनका लागि प्रत्येक घरमा एक घर एक धारा जडान अभियान सम्पन्न गर्ने,

२४. विद्यार्थिहरुलाई सुरक्षित छात्रावास, यातायात सहित शिक्षकलाइ प्रोत्साहन गरी शैक्षिक सुधार गर्ने,

२५. पर्यटन पूर्वाधारहरुको निर्माण र विकासका साथ अन्नपूर्ण गाउँपालिका भित्रका पर्यटकीय सम्भावनाका क्षेत्रहरुको समूचित विकास गर्दै पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गर्ने,

२६. आयआर्जन, क्षमता विकास र सशक्तिकरणका साथ मानव संसाधनको विकास गरी गाउँपालिकालाई आकर्षण केन्द्रको रुपमा स्थापित गर्ने,

२७. परम्परागत संस्कृति, मठ मन्दिर, गुम्बा तथा धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा सम्वर्द्धन र घरेलु तथा साना उद्योगहरु एवम् सहकारी क्षेत्रको विकास गर्ने,

२८. महिला, बालबालिका, आदीवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्ग लगायत पछाडि परेका वर्गको उत्थान तथा विकास र सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने,

२९. सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वन वातावरण संरक्षण र विपद् व्यवस्थापन, हरियाली प्रवर्द्धन र वातावरण मैत्री विकासलाई अगाडि बढाउने,

३०. यस गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत, संस्थागत र जनशक्ति विकास गर्ने र प्रबिधि मैत्री सेवा प्रबाह मार्फत सरल, सहज, झन्झट मुक्त नागरिक मैत्री सेवा प्रदान गर्ने ।

३१. पर्यटन क्षेत्रलाइ सुरक्षित, व्यवस्थित र नयाँ पर्यटकीय क्षेत्र पहिचान र विकास गर्ने,

३२. साहसिक खेलहरु सञ्चालन गर्ने,

३३. स्थानीय कल, संस्कृति र चाडपर्वको मौलिकता प्रदर्शन गर्दै पर्यटन विकास र आय-आर्जनमा वृद्धि गर्ने,

३४. सहकारी संस्थाहरुको सुदृढिकरणमा जोड दिने,

३५. निःशुल्क तथा अनिवार्य आधारभूत तह र माध्यमिक तह सम्मको शिक्षालाइ सार्थक बनाउन बालबालिकालाइ विद्यालयमा प्रवेश गराउने, टिकाउने र सिकाउने कार्यक्रम सञ्चालन गर्ने,

३६. **"शिक्षकलाइ सम्मान गरौं- बालाबालिकालाइ माया गरौं"** आदर्श वाक्यलाइ सार्थक तुल्याउने,

३७. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने,

३८. गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधारहरुको निर्माण, शिक्षक तथा विद्यार्थीहरुको उत्प्रेरणा अभिवृद्धि गर्ने,

३९. शिक्षामा सुधार गर्नको लागि **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** सञ्चालन गर्ने,

४०. हरियाली विद्यालय, बगैंचा र करेसावारी बनाउने,

४१. स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ, गुणस्तरिय र प्रभावकारी वनाउने,

४२. **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** पुरा गर्न नागरिक स्तरमा सचेतना गराउने,

४३. स्वास्थ्य स्वयम्सेविकालाइ थप यातायात सेवा सुविधा उपलव्ध गराउने,

४४. लोक कला, साहित्य, संस्कृति, भेषभूसा, मौलिक भाषा, संगित क्षेत्रको पहिचान, संरक्षण र प्रवर्धन गर्ने,

४५. खेलकुदलाइ गाउँपालिकाको पहिचान, गौरव र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्ने,

४६. छिटो छरितो न्याय, सवैमा न्यायको पहुँच पुर्याउने,

४७. नागरिक स्तरसम्म कानूनी सचेतना पुर्याउने,
४८. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम,
४९. अन्नपूर्ण समृद्धिको लागि नियमित तिरौँ कर- तिरेको कर विकास मार्फत फर्किन्छ घर-घर भन्ने मान्यतालाइ अभियानको रुपमा सम्पादन गर्ने,
५०. सवै क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग बढाउदै आर्थिक दक्षता वृद्धि गर्ने,
५१. सामाजिक संरक्षण एवम् विकासका माध्यबाट सामाजिक न्याय कायम गर्ने,
५२. सामाजिक क्षेत्रको गुणात्मक विकास गर्ने,
५३. गैर सरकारी संस्था संग समन्वय, सहकार्य र साझेदारीमा जोड दिने,

**श्रद्धेय सभाध्यक्ष महोदय,**

म आगामी आ.व.को बजेट प्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व. २०८०/०८१ को यथार्थ आय व्यय विवरण र चालु आ.व. २०८१/ ०८२ को संशोधित आय/व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु।

| प्रगती विवरण | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **विवरण** | **आ.व. २०८०/०८१ को यथार्थ खर्च** | **प्रगती प्रतिशत** | **आ.व. २०८१/८२ को संशोधित अनुमान** | **हालसम्मको प्रगती प्रतिशत** |
| १ | चालु खर्च | ३७,९७,६६,५२८.५६ | ८९.२ | ४२,६३,१२,५००.०० | ७६.४२ |
| २ | पुँजिगत खर्च | १९,३६,०९,९८३.०० | ८४.**६१** | १७,८९,६२,८८६.६७ | ६१.९७ |
| **जम्मा** | | **५७,३३,७६,५११.५६** | **८७.५९** | **६०,५२,७५,३८६.६७** | **७२.१५** |

अब म यस अन्नपूर्ण गाउँपालिकालाई आगामी आ.व. २०८२/०८३ को लागि स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको कुल वजेट रकम रु. ६५,१५,३४,७७५।- को शिर्षकगत आय विवरण देहाय बमोजिम प्रस्तुत गरेको छु। गत विगत आर्थिक वर्षको यथार्थ वित्तिय प्रगतीको समिक्षाका आधारमा आगामी आर्थिक वर्ष २०८२/०८३ मा वित्तिय प्रगती ९० प्रतिशत पुग्ने लक्ष्य लिएको छु।

## आ व २०८२।०८३ को आय व्यय अनुमान

| आ व २०८२।८३ को आय व्यय अनुमान | | | | | |
|---|---|---|---|---|---|
| क. स. | आय विवरण | रकम रु | क.स. | व्यय विवरण | रकम रु |
| १ | संघिय समानिकरण | ११५७००००० | १ | संघिय सशर्त अनुदान | २९८१००००० |
| २ | संघिय राजस्व बाँडफाँड | ११८२९८७७५ | २ | सघिय समपुरक अनुदान | ३०००००००० |
| ३ | सघिय समपुरक अनुदान | ३०००००००० | ३ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ९३०००००० |
| ४ | संघिय विशेष अनुदान | २५५००००० | ४ | विषयगत खर्च | १९४७३४७७५ |
| ५ | संघिय सशर्त अनुदान | २९८१००००० | ५ | संघिय विशेष अनुदान | २५५००००० |
| ८ | प्रदेश समानिकरण | १३२७४००० | ८ | प्रदेश शशर्त अनुदान | २०००००० |
| ६ | प्रदेश राजश्व बाडँफाडँ | १०४६२००० | ६ | प्रदेश समपूरक अनुदान | ६०००००० |
| ७ | प्रदेश शशर्त अनुदान | २०००००० | ७ | प्रदेश विशेष अनुदान | ४०००००० |
| ८ | प्रदेश समपूरक अनुदान | ६०००००० | ८ | | |
| ९ | प्रदेश विशेष अनुदान | ४०००००० | ९ | | |
| १० | आन्तरिक आय | ३०००००००० | १० | | |
| ११ | गत बर्षको अल्या | | | | |
| | | ६५११५३४७७५ | | | ६५११५३४७७५ |

**श्रद्धेय सभाध्यक्ष महोदय,**

माथि उल्लेखित प्रस्तावित आयको विवरण अनुसारको आगामी आ.ब २०८२/०८३ को व्ययको लागि विषयगत समिति अन्तर्गत क्षेत्रगत बाँडफाँड देहाय बमोजिम हुने गरी प्रस्ताव गरेको छु।

१. **हामी बनाउछौं, हाम्रो पालिका** नीति अनुरुप गाउँपालिकाको प्रशासकीय भवनको लागि जग्गा प्राप्ति तथा भवन निर्माणको लागि रकम रु. ६० लाख विनियोजन गरिएको छ।

२. यस गाउँपालिकाका सबै वडाहरुलाई मध्यपहाडी लोकमार्गसँग जोड्न र सबै सडकहरुलाई बाह्रै महिना संचालनमा ल्याई सडक पँहुच स्थापित गर्नका लागि र अन्नपूर्ण गाउँपालिकाको चक्रपथ निर्माण र अन्य सडक निर्माण एवं स्तरोन्नती गर्नका लागि समपूरक अनुदान सहित विशेष प्राथमिकताका साथ रु. ११ करोड १८ लाख ७२ हजार बजेट विनियोजन गरिएको छ।

३. यस गाउँपालिका अन्तर्गतको निर्माण गर्नुपर्ने, मर्मत तथा संभार गर्नुपर्ने वडा कार्यालय, स्वास्थ्य संस्था भवन तथा अन्य भवन निर्माण सम्पन्न गर्ने गरी लागत साझेदारीमा ७७ लाख बजेटको व्यवस्था गरिएको छ।

४. निर्माण सम्पन्न भएका गाउँपालिका अन्तर्गतका झोलुङ्गे पुलको दायित्व भुक्तानीको लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ।

५. यस गाउँपालिका अन्तर्गतको आर्थिक विकासको महत्वपूर्ण आधारका रुपमा रहेका पूर्वाधार संरचनाहरु निर्माण गर्नका लागि प्रति वडा रु.२० लाखको दरले रु. २ करोड २० लाख बजेट व्यवस्था गरिएको छ
६. गाउँपालिका भित्रका सहिदहरुको उच्च सम्मानको लागि सहिद पार्क स्थापनाको लागि बजेट विनियोजन गरेको छु।
७. समग्र अन्नपूर्ण वासीहरुको स्वास्थ्य सेवामा गुणस्तरीय पहुँचको लागि अन्नपूर्ण आधारभूत अस्पतालमा विषेशज्ञ सहितको सेवा प्रवाहको लागि रकम रु. १२ लाख विनियोजन गरेको छु।
८. गाउँपालिकाको कला, संस्कृति, साहित्य, संस्कार तथा संस्कृती प्रवर्धनका लागि अन्नपूर्ण प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालनको लागि रकम रु. ५ लाख विनियोजन गरेको छु।
९. कृषि उत्पादन र उत्पादकत्वको अभिवृद्धि र कृषि क्षेत्रको आय आर्जनको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्नका लागि कृषि तथा पशु विकास तर्फ सर्शत अनुदानको कार्यक्रम वाहेक अतिरिक्त रकम रु. ५५ लाख बजेट बिनियोजन गरिएको छ।
१०. व्यवसायीक कृषहरुको प्रोत्साहनको लागि दुग्ध, चल्ला तथा पशुपालनमा अनुदानको व्यवस्था गरेको छु।
११. पालिका बासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच सुनिश्चित गर्न, स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकाको नीति र प्रतिबद्दता बमोजिम गाउँपालिकाका सबै नागरिकको स्वास्थ्य बिमा प्रिमियम रकम ५० प्रतिशत बाट बढाएर ७१.४३% पुर्याएको छु। बीमा अनुदान सहित स्वास्थ्य तर्फ रु. ८७ लाख बजेट विनियोजन गरिएको छ।
१२. दुर दराजका जनताहरुको स्वास्थ्य सेवा सुनिश्चितताका लागि धान्द्रुक स्वास्थ्य चौकीमा सुविधा सम्पन्न स्वास्थ्य ल्यावको स्थापनाको लागि आवश्यक रकम विनियोजन गरेको छु।
१३. आयुर्वेद सेवाको अभिवृद्धि गरी रोग प्रतिरोगात्मक क्षमताको विकास गर्ने, आयुर्वेद उपचार पद्धति, ध्यान शिक्षा तथा योग अभ्यासलाई कार्यान्वयन गर्नका लागि रु. ५ लाख बजेट बिनियोजन गरिएको छ।
१४. गुणस्तरीय शिक्षा र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधार, शिक्षक तथा विद्यार्थी उत्प्रेरणा अभिवृद्धि गर्नका लागि साथै गाउँ पालिकामा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनका लागि रु.१ करोड ४५ लाख, यस गाउँपालिका अन्तर्गत शैक्षिक क्षेत्र विकास कार्यक्रमका लागि रु. २५ लाख बजेट विनियोजन गरिएको छ।
१५. गाउँपालिका अन्तर्गतका सरकारी विद्यालयहरुका प्रधानाध्यापकको मनोवल उच्च बनाउनको लागि प्र.अ. भत्ता रकम रु. ५ सयले थप गरेको छु।
१६. संघीय सरकारको वजेट भाषण अनुसार कर्मचारीरुको बढेको महङ्गी भत्ताको व्यवस्थालाइ आवश्यक वजेट व्यवस्थापन गरेको छु।
१७. सरकारी विद्यालयका निजी शिक्षकहरुको प्रोत्साहनको लागि पोसाक भत्ताको व्यवस्था गरेको छु।
१८. अन्नपूर्ण हाट बजार तथा व्यापार मेला सञ्चालन गर्नको लागि रकम रु. ३ लाख विनियोजन गरिएको छ।
१९. होमस्टे व्यवस्थापन तथा सञ्चालन अनुदानको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
२०. गाउँपालिका क्षेत्र भित्रको खेलकुदको विकास तथा प्रवर्धनको लागि रकम रु. १० लाख विनियोजन गरिएको छ।

२१. महिला, बालबालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, दलित, आदिवासी जनजाति उत्थान तथा सशक्तिकरण, लोक सेवा र शिक्षक सेवा आयोग तयारी कक्षा र उपाध्क्षसँग महिला कार्यक्रमका लागि रु. ३७ लाख बजेट विनियोजन गरिएको छ।

२२. ज्येष्ठ नागरिकहरु प्रति उच्च सम्मान स्वरुप धार्मिक स्थलहरुको भ्रमणका लागि रकम रु. ४ लाख विनियोजन गरिएको छ।

२३. नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र एक घर एक धारा अभियान कार्यक्रमलाई संचालन गर्नका लागि रु. ३० लाख बजेट विनियोजन गरिएको छ।

२४. आगामी आर्थिक बर्षमा विपद् व्यवस्थापन कार्यका लागि गत बर्ष देखि स्थापित अन्नपूर्ण गाउँपालिका विपद् व्यवस्थापन कोषमा रु. ४० लाख विनियोजन गरिएको छ। उक्त कोषलाई प्राकृतिक तथा दैविक विपत्तीमा राहत, उद्धार तथा पूनस्थापना कार्यका लागि प्रयोग गरिनेछ।

२५. गाउँपालिकाको मुख्य बजार क्षेत्रहरुमा फोहोरमैलाको व्यवस्थापनको लागि फोहोरमैला प्रशोधन केन्द्र स्थापनाको लागि आवश्यक बजेट व्तवस्थापन गरेको छु।

२६. मानव संसाधन तथा संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन , वित्तिय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, आन्तरिक नियन्त्रण प्रणाली, प्रभावकारी सेवा प्रवाह, सुशासन, उत्तरदायित्व र पारर्दशिता, हेलो अन्नपूर्ण कार्यक्रम, तथ्याङ्क संकलन र अन्तरनिकाय समन्वय जस्ता विविध कार्यक्रमका लागि रु. ९३ लाख बजेट विनियोजन गरिएको छ।

२७. गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवर्धन र विकास कार्यक्रमका लागि रु. ३ लाख विनियोजित गरिएको छ।

२८. परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्धनका लागि ढिकुरपोखरीमा संचालन हुने तिज विशेष मेला कार्यक्रम, भदौरेको कोदो महोत्सव, प्रविण गुरुङ गायन प्रतियोगिता, लुम्ले अन्नपूर्ण म्याराथुन, घान्द्रुक, हनी हन्टिङ प्रतियोगिता लान्द्रुक, फागु महोत्सव विरेठाटी, शितल गुफा महोत्सव लगायतका गाउँपालिकाका विभिन्न स्थानहरुमा संचालन हुने मेला, पर्व, महोत्सवमा दिईने अनुदान तथा सहयोगलाई समेत वजेटमा सम्वोधन गरिएको छ।

२९. वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कार्यलाई प्रभावकारी रुपमा अगाडि वढाउन न्यायिक समिति सदस्य र मेलमिलाप कर्ताहरुको क्षमता विकासका लागि पुनर्ताजगी तालिम संचालन गर्न रु. ४ लाख वजेट विनियोजन गरेको छु।

३०. कानुनी सचेतना र कानुन सम्वन्धी अभिमुखिकरण गर्न आधारभूत र माध्यमिक विद्यार्थीहरु, टोल सुधार समिति, आमा समूह, युवा क्लवका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन आवश्यक वजेट विनियोजन गरेको छु।

३१. गाउँपालिका भित्र विध्यमान सामाजिक कुरिती उन्मुलन तथा अति विपन्न तथा हिंसामा परेको असाहय, अनाथ कोषका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

३२. गाउँपालिकाको विकासका लागि युवा परिचालन गर्न प्राविधिक तथा उच्च शिक्षा छात्रवृति, स्काउट तथा युवा परिषद सम्वन्धी कार्यक्रम समेत वजेटमा समावेश गरिएको छ।

३३. गाउँपालिका कार्यालय, वडा कार्यालय संचालन प्रशासनिक तथा चालु खर्च तर्फ रु ९ करोड ३० लाख बजेट बिनियोजन गरेको छु।

# आर्थिक ऐन, २०८२

१. **प्रस्तावनाः** अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएको,

२. नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अन्नपूर्ण गाउँपालिकाको सोह्रो गाउँ सभाले यो ऐन बनाएको छ

३. **१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ।

४. (२) यो ऐन २०८२ साल श्रावण १ गते देखि अन्नपूर्ण गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

५. **२. सम्पत्ति करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ बमोजिम आगामी आर्थिक वर्षहरुमा गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

६. **३. भूमि कर** (मालपोत) गाउँपालिका क्षेत्रभित्रका जग्गामा अनुसूचि (१) बमोजिम भूमि कर(मालपोत) लगाइने असूल उपर गरिनेछ।

७. **४. घर जग्गा बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

८. **५. जडिबुटी, कवाडी र जिवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

९. **६. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूचि (४) बमोजिम व्यवसाय कर तथा अनुसूचि (४.१) बमोजिम पटके व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

१०. **७. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **८. नक्सापास दस्तुरः** गाउँपालिका क्षेत्रभित्र नक्सापास गर्दा अनुसूचि (६) बमोजिम नक्सापास दस्तुर तथा अनुसूचि (६.१) बमोजिम घर अभिलेखिकरण दस्तुर, नक्सापास किताब र अभिलेखिकरण किताब दस्तुर, नक्सापास नामसारी तथा नक्सापास संशोधन दस्तुर लगाइने र असूल उपर गरिनेछ।

१२. **९. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

१३. **१०. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय क्षेत्रमा अनुसूचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्था सोही बमोजिम हुनेछ।

१४. **११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. **१२. सडक मर्मत संभार शुल्कः** गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले निर्माण गरेका सडकहरुमा संचालन हुने सवारी साधनलाई अनुसूचि (१०) बमोजिम सडक मर्मत संभार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१६. **१३. प्राकृतिक स्रोत साधन उपयोग तथा निकासी करः** गाउँपालिका क्षेत्रभित्र ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा अनुसूचि (११) बमोजिम प्राकृतिक स्रोत साधन उपयोग तथा निकासी कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्था सोही बमोजिम हुनेछ।

१७. **१४. कर छुटः** गाउँपालिकाले अनुसूचि (१२) मा व्यवस्था भए बमोजिम कर छुटको व्यवस्था गर्न सक्नेछ

१८. **१५. दण्ड जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसूचि (१३) मा व्यवस्था भए बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ।

१९. **१६. कर तथा शुल्क सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

२०. **१७. फोहोर मैला व्यावस्थापन कार्यविधि :** फोहोरमैला व्यावस्थापन बापत गाउँपालिकाले कानुन बनाई शुल्क उठाउन सक्नेछ।

विनियोजन विधेयक¸ २०८२

अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि संचितकोष केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम अन्नपूर्ण गाउँसभाले यो ऐनको विधेयक पेश गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम **" अन्नपूर्ण गाउपालिकाको विनियोजन ऐन¸२०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँकार्यपालिका वडा समिति¸ विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखीत चालु खर्च ¸पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ६५¸१५¸३४,७७५। (पैसठ्ठी करोड पन्ध्र लाख चौतिस हजार सात सय पचहत्तर मात्र । )** मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजन** (१) यस ऐन द्वारा संचितकोषबाट खर्च गर्ने अधिकार दिएको रकम आर्थिक वर्ष २०८२।०८३ निमित्त अन्नपूर्ण गाउपालिकाको गाउकार्यपालिका¸ वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिऐको भयता पनि कार्यपालिका¸ वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आऐमा गाउ कार्यपालिकाको बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिऐको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्विकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृति लिनुपर्नेछ ।

अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | **गाउँकार्यपालिका** | ८८००००० | ५०००००० | | ९३०००००० |
| २ | | **वडा समिति** | ० | २३८००००० | | २३८००००० |
| ३ | | **विषयगत शाखा** | | | | |
| | | वातावरण तथा विपद व्यवस्थापन कोष | २००००० | ६५००००० | | ६७००००० |
| | | सुशासन तथा संस्थागत विकास | ६५००००० | ४०००००० | | १०५००००० |
| | | आर्थिक विकास समिति | १८०००००० | ३०१०००००० | | ४८१०००००० |
| | | सामाजिक विकास समिति | ३२०५६२७७५ | ४५०००००० | | ३२५०६२७७५ |
| | | पूर्वाधार विकास समिति | | १४४३७२००० | | १४४३७२००० |
| ४ | | **ऋणको सावा व्याज भुक्तानी** | | | | |
| ५ | | **लगानी (शेयर/ऋण)** | | | | |
| | | **कुल जम्मा** | **४३३२६२७७५** | **२१८२७२०००** | **०** | **६५१५३४७७५** |

## सुशासन तथा संस्थागत विकास

( मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन संस्थागत, वित्तिय जोखिम न्युनिकरण सार्वजनिक सुनुवाइ सामाजिक परिक्षण आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छ्यौट सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय)

| | | |
|---|---|---|
| १ | सामाजिक परीक्षण | १००००० |
| २ | सार्वजनिक सुनुवाई चौमासिक | ३००००० |
| ३ | अवकाश कोष | ५०००००० |
| ४ | गाउँपालिका विशेष कार्यक्रम एवम् दिवस | ३००००० |
| ५ | डिजिटल नागरिक वडापत्र | १०००००० |
| ६ | वडाहरुमा सिसि क्यामेरा जडान | ४००००० |
| ७ | मेलमिलापकर्ताको अभिमुखीकरण तथा केन्द्र व्यवस्थापन | ४००००० |
| ८ | पदाधिकारी तथा कर्मचारी  क्षमता विकास | १००००० |
| ९ | पर्यटन सुचना केन्द्र संचालन तथा लागत साझेदारी कार्यक्रम समेत | ४००००० |
| १० | सूचना प्रविधि अध्यावधिक | २००००० |
| ११ | उपभोक्ता समिति तथा टोल विकास समितिको  तालिम तथा अभिमुखीकरण | २००००० |
| १२ | न्यायिक समिति तथा न्यायिक निरुपण कार्यक्रम | ७००००० |
| १३ | सुचनामुलक होर्डिङ्ग बोर्ड | २००००० |
| | **जम्मा** | **९३०००००** |

## पूर्वाधार विकास

**(सडक तथा पुल सिंचाई भवन तथा सहरी विकास उर्जा लघु तथा साना जलविधुत  संचार)**

| | | | |
|---|---|---|---|
| १ | स्थानीय सडक मर्मत संभार कोष | गापा | ३०००००० |
| २ | स्थानीय झोलुङ्गे पुल साझेदारी कार्यक्रम | गापा | ५०००००० |
| ३ | गाउँपालिका केन्द्र पूर्वाधार निर्माण | गापा | ६०००००० |
| ४ | अन्नपूर्ण रिङ्गरोड विस्तार एवम् स्तरोन्नति (पुरानोगाउँ खण्ड) | गापा | २५०००००० |
| ५ | गत आ.व.को दायित्व बाँकी | गापा | १७०००००० |
| ६ | पदमार्ग\सिढिबाटो निर्माण | गापा | २८७२००० |

| | | | |
|---|---|---|---|
| ७ | लागत साझेदारीमा वडा गत सिचाई योजना | गापा | १५०००००० |
| ८ | अधुरो आयोजना | गा पा | २५००००० |
| ९ | शहिद पार्क निर्माण | गा पा | ३००००० |
| १० | पालिकास्तरिय वडागत योजनाहरु | वडा १-११ | १६५०००००० |
| ११ | वडागत योजनाहरु (वडा समिति तथा कार्यपालिका समेत) | वडा १-११ | २३८०००००० |
| | | | ८०९७२००० |

**वातावरण तथा विपद व्यवस्थापन**

(वन तथा भुसंरक्षण जलाधर संरक्षण वातावरण संरक्षण जलवायु परिवर्तन फोहोरमैला व्यवस्थापन जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन sanitary land fill sites)

| | | |
|---|---|---|
| १ | संयुक्त सहयोग कार्यक्रम (पाइप खरिद) | ४०००००० |
| २ | तार जाली तथा ग्याबिन खरिद | |
| ३ | भूक्षय तथा पहिरो नियन्त्रण | |
| ४ | ल्यान्डफिल साईट सम्भाव्यता अध्ययन | |
| ५ | विपद व्यवस्थापन कोष | |
| ६ | फोहोरमैला व्यवस्थापन | ५००००० |
| ७ | विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन (यन्त्रिक पुल गापा भवन डिपिआर लगायत) | २०००००० |
| ८ | विपद पूर्व तयारी कार्यक्रम लगायत | २००००० |
| | जम्मा | ६७००००० |

**आर्थिक विकास**

(कृषि उद्योग तथा वाणिज्य पर्यटन सहकारी वित्तिय क्षेत्र)

| | | | |
|---|---|---|---|
| १ | उद्योग वाणिज्य तथा वित्तिय संस्था | गा पा | १००००० |
| २ | सहकारी विकास शाखा | गा पा | ३००००० |
| ३ | पशु सेवा शाखा | गा पा | २५००००० |
| ४ | कृषि शाखा | गा पा | ३०००००० |
| ५ | एक घर एक करेसाबारी कार्यक्रम | गा पा | १००००० |
| ६ | दुग्ध, चल्ला तथा पशुपालन अनुदान | गापा | १८००००० |

| | | | |
|---|---|---|---|
| ५ | कोसेली घर स्थापना तथा सञ्चालन | गा पा | ५०००००० |
| ७ | पशु बीमा | गापा | १००००० |
| ८ | हरितालिका तिज विशेष मेला कार्यक्रम, ढिकुरपोखरी | वडा नं १-३ | २००००० |
| ९ | कोदो महोत्सव, भदौरे | वडा नं ४ | २००००० |
| १० | शितलगुफा धार्मिक महोत्सव | वडा न ५ | २००००० |
| ११ | प्रविण गुरुङ्ग गायन प्रतियोगिता, लुम्ले | वडा नं ६ | २००००० |
| १२ | फागु महोत्सव, विरेठाँटी | वडा नं ८ | २००००० |
| १३ | हनि हन्टिङग महोत्सव | वडा नं ७-११ | २००००० |
| १४ | अन्नपूर्ण म्याराथुन, घान्द्रुक | वडा नं १०-११ | २००००० |
| १५ | घान्द्रुक पर्यटन महोत्सव | वडा नं १०-११ | २००००० |
| १६ | सेन्चुरी ल्होसार महोत्सव | वडा न ११ | २००००० |
| १७ | अन्नपूर्ण हाटबजार तथा व्यापार मेला | गा पा | ३००००० |
| १८ | अन्य पर्व मेला महोत्सव | गा पा | १००००० |
| १९ | होमस्टे प्रवर्द्धन कार्यक्रम | गा पा | ३००००० |
| २० | साईकल ट्र्याक स्तरोन्नती | गा पा | ३००००० |
| | **जम्मा** | | **११२०००००** |

## सामाजिक विकास

(शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई संस्कृति प्रवद्धन लैगिक समानता तथा समाजिक समावेशीकरण)

| | | | |
|---|---|---|---|
| १ | शिक्षा विकास कार्यक्रम | गापा | २५०००००० |
| २ | स्वास्थ्य सेवा कार्यक्रम (शिविर संचालन समेत) | गापा | २२०००००० |
| ३ | दरबन्दी नभएका ईसिडी शिक्षक लगायतको तलब अनुदान | गापा | १०००००० |
| ४ | सरकारी विद्यालयका विद्यार्थिलाई छात्रवास संचालन अनुदान | गापा | ५००००० |
| ५ | स्वास्थ्य बिमा कार्यक्रम | गापा | ६५०००००० |
| ६ | सट्टा शिक्षक | गापा | १००००० |
| ७ | निजि शिक्षक पोशाक भत्ता | गापा | ३००००० |
| ८ | प्र अ प्रोतसाहन भत्ता | गापा | ३१२००० |
| ९ | खेलकुद सदस्य सचिव तलब भत्ता | गापा | ४३०००० |

| | | | |
|---|---|---|---|
| १० | अन्नपुर्ण आधारभुत अस्पतालमा विशेषज्ञ सेवा | गापा | १२००००० |
| ११ | घान्द्रुक स्वास्थ्य चौकीमा ल्याब स्थापना तथा संचालन | गापा | ४००००० |
| १२ | जेष्ठ नागरिक धार्मिक स्थल भ्रमण | गापा | ३००००० |
| १३ | स्वंयसेविका यातयात भत्ता थप | गापा | ५३४००० |
| १४ | शिक्षक, ईसिडी शिक्षक तथा विद्यालय कर्मचारी तलब थप | गापा | १४५०२७७५ |
| १५ | उपाध्यक्षसँग महिला कार्यक्रम तथा बालबालिका लक्षित कार्यक्रम | गापा | २०००००० |
| १६ | दलित क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | गापा | ५५०००० |
| १७ | आदिवासी जनजाती क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | गापा | ५५०००० |
| १८ | युवा तथा खेलकुद कार्यक्रम | गापा | ५००००० |
| १९ | जेष्ठ नागरिक तथा अपाङ्ग लक्षित कार्यक्रम | गापा | २००००० |
| २० | एकल महिला क्षमता विकास तथा सामाजिक सुरक्षा कोष | गापा | २००००० |
| २१ | सामाजिक कुरिति उन्मूलन एवम् लैंगिक उत्तरदायी बजेट परिक्षण | गापा | १००००० |
| २२ | अति विपन्न तथा असाहय अनाथ हिंसामा परेको सहयोग कोष | गापा | १००००० |
| २३ | अन्नपूर्ण गाउँपालिका विभिन्न खानेपानी योजना | गापा | ३०००००० |
| २४ | आयुर्वेद कार्यक्रम | गापा | ५००००० |
| २५ | प्राविधिक तथा उच्च शिक्षा छात्रवृत्ति (विपन्न) | गापा | २००००० |
| २६ | परम्परागत धार्मिक संस्कृति संरक्षण (कोट मौला मन्दिर पुजा समेत) | गा पा | ३५०००० |
| २७ | मठमन्दिर कुवा चौतारी पोखरी पौवा धारा संरक्षण  कार्यक्रम | गापा | ५००००० |
| २८ | गुरुङ्ग भाषा तथा होटल म्यानेजमेन्ट शिक्षक तलब | गापा | १०३४००० |
| २९ | आरोग्य केन्द्र | वडा नं १ | २००००० |
| ३० | लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग कक्षा संचालन साझेदारी | गापा | ५०००० |
| ३१ | TVET साझेदारी कार्यक्रम | गापा | ५०००० |
| ३२ | उल्लेरी स्वास्थ्य संस्था | वडा नं ९ | १००००० |
| ३३ | स्वास्थ्य संस्थालाई कर्मचारी व्यवस्थापन | गापा | १२००००० |
| ३४ | लुम्ले कविता गाउँ | गापा | २००००० |
| ३५ | कला साहित्य संस्कार तथा सस्कृती प्रवर्द्धन (गाउँपालिका प्रज्ञा प्रतिष्ठान समेत) | गापा | ५००००० |
| | जम्मा | | ४२८६२७७५ |

**सम्पुरक कोष**

| | | | |
|---|---|---|---|
| १ | लुम्ले तान्चोक भिच्चुक लान्द्रुक ग्रामिण सडक स्तरोन्नति (संघ) | वडा नं ७ | २००००००० |
| २ | विरेठाटी मोहरिया फुलिवाङ्ग चाने सडक (संघ) | वडा न ८ | १००००००० |
| ३ | काँडे-भदौरे-सल्यान-पुरानागाँउ ग्रामिण सडक स्तरोन्नति योजना अन्नपूर्ण ४,५ (प्रदेश) | वडा नं ४,५ | ६०००००० |
| ४ | जिल्ला समन्वय समिति साझेदारी कार्यक्रम | वडा न | ७७००००० |
| | जम्मा | | ४३७००००० |